आज मिति २०८१।०५।१९ गते बुधबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको आ. व. २०८१/०८२ को तेस्रो बैठक तपशिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३. | श्री जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री मोहन कुमार राई - सूचना अधिकारी - ९८५२८४४०७३

# चौदण्डीगढी नगरपालिकाको नदी तथा खोलाहरुको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन

तालिका : ढुंगा, गिट्टी/ग्राभेल तथा बालुवाको संकलन तथा उत्खननगर्न सकिने परिमाण र राजस्वको आँकलन

| क्र.सं | उत्खनन क्षेत्र | वडा नं | नाप जाँच | | वार्षिक उत्खननयोग्यपरिमाण (घन मि.) | सिफारिस गरिएको वार्षिकउत्खनन परिमाण (घन मि.) | दैनिक उत्खनन परिमाण (घन.मि) | समिश्रणकोपरिमाण (घ.मि) | | अनुमानित राजस्व (ने.रू.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल गहिराई (मि.) | उत्खननहुने क्षेत्रको क्षेत्रफल (वर्ग. मि.) (GIS) | | | | | | | |
| १ | लामा खोला (सेक्टर १) | २ र ४ | ०.६ | ३७६५५ | २२५९३ | १५८१५ | ५८.५७४४ | ढुंगा | ३१६३ | ८९३६१६ | २.७.१ बमोजिम गर्नुपर्ने |
| | | | | | | | | गिट्टी/ग्राभेल | १२६५२ | ३५७४४६६ | |
| | लामा खोला (सेक्टर २) | २ | ०.६ | ३०२५० | १८१५० | ९०७५ | ३३.६१११ | ढुंगा | ९०७५ | २५६३८६१ | |
| २ | काली खोला | ३ | ०.३० | ३६७० | ११०१ | ५५१ | २.०३८९ | ढुंगा | ४४० | १२४४२२ | २.७.२बमोजिम गर्नुपर्ने |
| | | | | | | | | गिट्टी/ग्राभेल | ११० | ३११०५ | |
| ३ | करम्जे खोला (सेक्टर १) | ४ | ०.३० | १७६६९ | ५३०१ | २६५० | ९.८१६१ | गिट्टी/ग्राभेल | २१२० | ५९९०२२ | २.७.३ बमोजिमगर्नुपर्ने |
| | | | | | | | | ढुंगा | ५३० | १४९७५५ | |
| | करम्जेखोला (सेक्टर २) | ४ | ०.३० | ५९४४ | १७८३ | ८९२ | ३.३०२२ | गिट्टी/ग्राभेल | ७१३ | २०१५१६ | २.७.३बमोजिम गर्नुपर्ने |
| | | | | | | | | ढुंगा | १७८ | ५०३७९ | |
| ४ | सिवाई खोला (सेक्टर १) | ५ | ०.५० | २०११९ | १००६० | ४०२४ | १४.९०३० | गिट्टी | ४०२ | ११३६८० | २.७.४ बमोजिमगर्नुपर्ने |
| | | | | | | | | बालुवा | ३६२१ | ८९५२३३ | |
| | सिवाईखोला (सेक्टर २) | ५ | ०.५० | ४४८९७ | २२४४९ | ८९७९ | ३३.२५७० | गिट्टी | ८९८ | २५३६८६ | २.७.४बमोजिम गर्नुपर्ने |
| | | | | | | | | बालुवा | ८०८१ | ११९७७७७ | |
| ५ | घेर खोला (सेक्टर १) | ५ | ०.४० | १४८७३ | ५९४९ | २३८० | ८.८१३६ | गिट्टी | २३८ | ६७२३१ | २.७.५ बमोजिमगर्नुपर्ने |
| | | | | | | | | बालुवा | २१४२ | ५२९४४२ | |
| | घेर खोला (सेक्टर २) | ५ | ०.४० | ९२२४ | ३६९० | १४७६ | ५.४६६१ | गिट्टी | १४८ | ४१६९५ | २.७.५ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | बालुवा | १३२८ | ३२८३५२ | बमोजिम गर्नुपर्ने |
| ६ | बडेरुवा खोला | ५ | ०.४० | १२०७ | ४८३ | ३३८ | १.२५१७ | गिट्टी | ३४ | ९५४८ | २.७.६ बमोजिमगर्नुपर्ने |
| | | | | | | | | बालुवा | ३०४ | ७५१११ | |
| ७ | त्रियुगा नदी | ५ | ०.४० | ३६४६३० | १४५८५२ | ४३७५६ | १६२.०५७८ | बालुवा | ४३७५६ | १०८२६६०३ | २.७.७ बमोजिम गर्नुपर्ने |
| | | ५.२६ | ०.४० | ७८००० | ३१२०० | १२४८० | ४६.२२२२ | | १२४८० | ३०८५११८ | |
| | | ९ | ०.४० | १३२३७३ | ५२९४९ | २११८० | ७८.४४३३ | | २११८० | ५२३५०२३ | |
| | | १० | ०.४० | ८८८०५ | ३५५२२ | १४२०९ | ५२.६२५२ | | १४२०९ | ३५१२४८६ | |
| ८ | द्वार खोला | ५ | ०.४० | २७२६ | १०८८० | ७६१६ | २८.२०७४ | ढुंगा | ७६२ | २१५२६७ | २.७.८बमोजिम गर्नुपर्ने |
| | | | | | | | | गिट्टी/ग्राभेल | ६८५४ | १९३६५०५ | |
| | द्वारखोला (सेक्टर १) | ६ | ०.३० | १३९४५ | ४१८४ | २९२८ | १०.८४६१ | ढुंगा | २१३ | ८२७३५ | |
| | | | | | | | | गिट्टी/ग्राभेल | २६३६ | ७४४६११ | |
| | द्वारखोला (सेक्टर २) | ६ | ०.३० | ७५३८ | २२६१ | १५८३ | ५.८६२९ | ढुंगा | १५८ | ४४७२२ | |
| | | | | | | | | गिट्टी/ग्राभेल | १४२५ | ४०२५०१ | |
| | द्वार खोला (सेक्टर३) | ६ | ०.६० | ५२५० | ३१५० | २२०५ | ८.१६६७ | ढुंगा | २२१ | ६२२९६ | |
| | | | | | | | | गिट्टी/ग्राभेल | १९८५ | ५६०६६१ | |
| | द्वारखोला | ७ | ०.६० | ३७७९४ | २२६७६ | १५८७३ | ५८.७९०७ | ढुंगा | १५८७ | ४४८४५८ | |
| | | | | | | | | गिट्टी/ग्राभेल | १४२८६ | ४०३६११८ | |
| | द्वार(अप्राहा) खोला | ८ | ०.६० | २२८९० | १३७३४ | ९६१४ | ३५.६०६७ | ढुंगा | ९६१ | २७१६०९ | २.७.१२ बमोजिम गर्नुपर्ने |
| | | | | | | | | गिट्टी/ग्राभेल | ८६५२ | २४४४४८२ | |
| ९ | लाटी खोला (सेक्टर १) | ७ | ०.५० | ३३६ | १६८ | ८४ | ०.३१११ | ढुंगा | २५ | ७१२० | २.७.१ बमोजिम गर्नुपर्ने |
| | | | | | | | | गिट्टी/ग्राभेल | ५९ | १६६१२ | |
| | लाटीखोला (सेक्टर २) | ७ | ०.५० | ५५६ | २७८ | १३९ | ०.५१४८ | ढुंगा | ४२ | ११७८१ | |
| | | | | | | | | गिट्टी/ग्राभेल | ९७ | २७४८९ | |
| | लाटीखोला (सेक्टर ३) | ७ | ०.५० | २८८३ | १४४२ | ७२१ | २.६६९४ | ढुंगा | २१६ | ६१०८८ | |
| | | | | | | | | गिट्टी/ग्राभेल | ५०५ | १४२५३८ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लाटीखोला (सेक्टर ४) | ७ | ०.५० | २७५८ | १३७९ | ६९० | २.५५३७ | ढुंगा | २०७ | ५८४३१ | |
| | | | | | | | | गिट्टी/ग्राभेल | ४८३ | १३६३५८ | |
| १० | हडिया-मुसरनिया खोला (सेक्टर १) | ९ | ०.५० | २१९३३ | १०९६७ | ७६७७ | २८.४३१७ | गिट्टी | ७६८ | २१६८७८ | २.७.१० बमोजिम गर्नुपर्ने |
| | | | | | | | | बालुवा | ६९०१ | १७०७९३३ | |
| | हडिया-मुसरनिया खोला (सेक्टर २) | ९ | ०.५० | १०७५० | ५३७५ | ३७६३ | १३.९३५२ | गिट्टी | ३७६ | १०६१२८ | |
| | | | | | | | | बालुवा | ३३८६ | ८३७०९८ | |
| ११ | देवघार खोला (१) | १० | ०.५० | ४५२५ | २२६३ | १५८४ | ५.८६५७ | ढुंगा | ६३४ | १७८१७६ | २.७.११ बमोजिम गर्नुपर्ने |
| | | | | | | | | गिट्टी | ७९२ | २२३७२१ | |
| | | | | | | | | बालुवा | १५८ | ३९१५९ | |
| | देवघारखोला (२) | १० | ०.७५ | ४६६१ | ३४९६ | २४४७ | ९.०६३१ | ढुंगा | ४८९ | १३८२६७ | |
| | | | | | | | | गिट्टी | १४६८ | ४१४८०० | |
| | | | | | | | | बालुवा | ४८९ | १२०९८३ | |
| | देवघारखोला (३) | १० | ०.४० | १५८० | ६३२ | ४४२ | १.६३८५ | ढुंगा | ८८ | २४९१७ | |
| | | | | | | | | गिट्टी/ग्राभेल | ३५४ | ३१९८९ | |
| | देवघारखोला (४) | १० | ०.५० | ३७१४ | १८५७ | १३०० | ४.८१४४ | ढुंगा | २६० | ७३४५० | |
| | | | | | | | | गिट्टी | १०१९.३ | २५७००७३ | |
| | | | | | | | | बालुवा | १३० | ३२१३४ | |
| १२ | माडिवास-चप्लेटी (सेक्टर१) | २ | ०.६० | १३१५० | ७८९० | ३९४५ | १४.६१११ | ढुंगा | ३९४५ | १११४५४१ | २.७.१३ बमोजिम गर्नुपर्ने |
| | माडिवास-चप्लेटी (सेक्टर २) | २ | ०.६० | १११२० | ६६७२ | ३३३६ | १२.३५५६ | ढुंगा | ३३३६ | ९४२४८७ | |
| | माडिवास-चप्लेटी (सेक्टर ३) | २ | ०.६० | ६०३२ | ३६१९ | १८१० | ६.७०२२ | ढुंगा | १८१० | ५११२४८ | |
| | जम्मा परिमाण (घ.मि) (क्रमशः उत्खननयोग्य र सिफारिस परिमाण) | | | | ४६०००२ | २०५५५९ | | जम्मा राजस्व (ने.रु) | | ५३९०१२१२ | |

२. यस नगरपालिकाको श्री बज्रगुरु कन्स्ट्रक्सन प्रा.लि. चौ.न.पा.-४ को सम्बन्धमा श्रीहुलाकीराजमार्ग इटहरी,सुनसरीकोच.न.५५,मिति २०८१/०५/०२ गतेको पत्रानुसार योजना कार्यालय अन्तर्गत संचालितराष्ट्रिय गौरवका योजना कंचनपुर-राजविराज हुलाकी राजमार्ग स्थरोन्नतिका लागि आवश्यक पर्ने कार्यहरु मध्य हाल भईरहेको **sub-base,Base,DBM,premix** कार्यकोलागिप्रसोधित निर्माण सामग्री उपलब्ध गराउन श्रीबज्रगुरु कन्स्ट्रक्सन प्रा.लि. चौ.न.पा.-४ लाई अस्थायी क्रसरप्लान्ट संचालन अनुमतिको लागि सिफारिस सहमति प्राप्त भइ आएको र न.पा.को४ न. वडाकार्यालय र टोलविकास संस्थाहरुबाट समेत सिफारिस साथ मञ्जुरी भएको उक्त उद्योग साविकका विभिन्न हुलाकी राजमार्गका योजना तथा यस नगरपालिका कार्यालयको विभिन्न निर्माण सम्वन्धि योजनाहरुको कार्य गर्न नदीजन्य पदार्थ आवश्यक भएको देखिन्छ।

साथै यस उद्योगले नेपाल सरकारको ढुंगा,गिट्टी,वालुवा उत्खनन विक्रि तथा व्यवस्थापन सम्वन्धि मापदण्ड, २०७७ को दफा ११ को पालना गर्ने गरी नेपाल सरकारको राष्ट्रिय गौरवको आयोजना विशेष भएकाले अस्थायी प्रयोजनका लागिरहेको उक्तअस्थायी क्रसर उधोगलाई आयोजनाकोविकास निर्माण कार्य र यस नगरपालिकाभित्र संचालित विभिन्न योजनाहरु समेतका लागि तपसिल वमोजिमकोआवश्यक प्रशोधितनिर्माण सामग्रीको माग अनुसार ४ न. वडा स्थित वसाहामा रहेकोश्री वज्रगुरु कन्स्ट्रक्सन प्रा.लि.लाई नियमानुसार लाग्ने नविकरण दस्तुर लिई आगामी२ आर्थिक वर्षसम्म संचालन गर्न अनुमति प्रदान गर्ने गरी हाललाई मिति २०८२ साल असार मसान्तसम्म संचालन गर्न अनुमति दिने निर्णय गरियो।

तपसिलः

माग परिमाण :

| S.N. | Item Material | Quantity | unit |
|---|---|---|---|
| 1. | sub-base | 2650.00 | m3 |
| 2. | Base | 5530.00 | m3 |
| 3. | DBM | 2700.00 | m3 |
| 4. | premix | 3203.69 | m3 |
| 5. | ston | 2500.00 | m3 |

३. यसन.पा. को' घ ' वर्गको निर्माण इजाजत प्रमाणपत्र दिने कार्यविधि २०७५ को दफा २ बमोजिम प्रक्रिया पुरा गरि निर्माण इजाजतको लागि निवेदन पेस गर्ने तपसिलका फर्मलाई निर्माण प्रमाणपत्र दिने निर्णय गरियो।

तपसिलः

क)प्रेम कोशेली निर्माण सेवा प्रा.लि. चौदण्डीगढी न.पा.– ४ प्रो. कुन्साङ लामा

ख)रुद्रलक्ष्मी कन्ट्रक्सन चौदण्डीगढी न.पा.– १ प्रो. यादव कुमार कालिकोटे

CamScanner

४.यस नगरपालिकाको कार्यालयबाट गत आ.व.२०८०।०८१ मा श्री सिम्रन एण्ड यश कन्स्ट्रक्सन प्रा.लि.ईटहरी, सुनसरीले जम्मा ५९,७१५।घनमिटर गिट्टी/ग्रावेल/ढुंगाको परिमाण विक्रि तथा निकासीको लागि ठेक्का सम्झौता भएको ठेक्का नं.१५/०८०/८१ ग्रावेल/ढुंगा ठेक्कामा मिति २०८०।०९।०२ देखि मिति २०८१।०२।३२ गतेसम्म ठेक्का सम्झौता भएको उक्त ठेक्का परिमाणभित्र रहि कर उठाउन ठेक्का बन्दोवस्त गर्न दिए अनुसार नगरपालिकामा स्वीकृत रसिद ठेलीहरु निजले पेश गरेको अर्धकट्टी परिमाण हिंसाव गर्दा जम्मा ३१,८१३। र प्राविधिक नापजाँच अनुसार ५,३१५।घनमिटर गरी कुल जम्मा ३७,१२८।घनमिटर ग्रावेल/ढुगाको परिमाण उत्खनन गरेको देखिन्छ । यस नगरपालिकावाट विभिन्न मिति र समयमा नगर प्राविधिक सहितको कर्मचारीहरुको अनुगमन टोलीवाट स्थलगत नापजाँच र प्राप्त नापजाँच प्रतिवेदन अनुसार निजले चौ.न.पा. वडा नं.५को सुन्दरपुरमा घेरखोलाभन्दा ५०० मिटर टाढा, वडा नं ४ को शनिवारेमा कालिखोलाभन्दा २०० मिटर टाढा, वडा नं २ को माडीवासखोला भन्दा २०० मिटर टाढा, मौज्दात घाटगद्दिमा रहेको निर्माण सामग्रिको राजश्व सोही आ.व.मा एकमुष्ट प्राप्त भएको बैक दाखिला भौचर/बैंक स्टेटमेन्ट, कागजात र नापजाँच प्रतिवेदन समेतका आधारमा देखिन्छ।

उपरोक्त अनुसार जम्मा ५९,७१५ घनमिटर ग्रावेल/ढुंगा ठेक्का परिमाणमा न.पा.सँग सम्झौता भए अनुरुप ३७,१२८।घनमिटर विक्रि निकासी गरेको र सो फर्मको व्यवसायीले दिएको माग निवेदन अनुसार नगरपालिकाको विभिन्न वडाहरु थप जम्मा ६,६१६। घनमिटर परिमाण सोही समयमा गरेको घाटगद्दि स्थलमा मौज्दात रहेकोले विक्रि गर्न नसकेको ठेक्का परिमाणभित्रको निर्माण सामग्री तपसिल बमोजिमकोघाटगद्दि प्रमाणित गरी लैजान अनुमति दिने निर्णय गरियो ।साथै ठेक्का परिमाणभित्रको तोकिएको समयमा उत्खनन गर्न नसकेको परिमाणको राजश्व फिर्ता नगरिने समेत निर्णय गरियो ।

तपसिल :-

| सि.न. | वडा क्षेत्र/न. | स्थान | निर्माण/सामग्री | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १. | ५ | सुन्दरपुर | ग्रावेल/ढुगा | १५३४.६२ | २ खण्ड |
| २. | ४ | शनिवारे | ग्रावेल/ढुगा | १७९६.७५ | ३ खण्ड |
| ३. | २ | माडीवास | ग्रावेल/ढुगा | ३२८५ | १ खण्ड |
| जम्मा परिमाण घ.मि. | | | | ६,६१६। | |

CamScanner

५. चौदण्डीगढी नगरपालिका अन्तर्गत विभिन्न वडामा सार्वजनिक बाटोहरु हालसम्म पनि नक्सामा आध्यावधिक नभएका र वडा वडाका गाउँ बस्तीमा हाल नयाँ ट्र्याक समेत खोलिएको हुँदा उक्त सार्वजनिक बाटो नक्सामा कित्ता काट गर्न सबै बाटोहरुको विवरण खुलाई सबै वडा कार्यालयहरुबाट उपलब्ध गराउने र आगामी बैठकमा छलफल गरी नापी कार्यालय उदयपुर, मालपोत कार्यालय उदयपुर र बाटो सँगै जोडिएका र कर्जा उपलब्ध गराएका सम्बन्धित बैंकसँग समन्वय गरी चौ. न. पा.का सार्वजनिक बाटो नक्सामा अध्याबधिक गर्न प्रकिया अगाडी बढाउने निर्णय सर्वसम्मत गरियो ।

६. मालपोत कार्यलय, उदयपुरको मिति २०८१।०५।१२ गतेको सूचना र नापी कार्यालय उदयपुरको २०८१।०५।१२ सूचना अनुसार नेपाल राजपत्र भाग ३ खण्ड (७३) संख्या २४ मिति २०८०।०४।३२ मा प्रकाशित (पहिलो संशोधन) नियमावली २०८० को नियम १२ उपनियम ४ ख बमोजिम उ- उपयोग क्षेत्र नक्सा तथा विवरण मध्ये कुनै एक भु-उपयोग क्षेत्र नक्सा वा विवरण अद्यावधिक गर्न बाँकी रहेको भए तापनि बर्गिकरण भएको क्षेत्रमा उक्त नियमावलीको अधिनमा रही कित्ता काट गर्न सकिने र उल्लेखित उपनियम प्रारम्भ भएको मितिले एक बर्ष भित्र त्यस्तो बर्गिकरण भएको क्षेत्रको भु- उपयोग क्षेत्र नक्सा तथा विबरण अध्यावधिक सक्नुपर्नेमा तोकिएको मितिसम्म यस नगरपालिकबाट कित्ताकाट विवरण तथा बर्गिकरण नगरेको हुँदा अर्को सूचना नभएसम्मको लागि मालपोत तथा नापी कार्यालय उदयपुरबाट कित्ताकाट स्थगित भएको जानकारी भएकोले जग्गा कित्ताकाटको लागि नापी शाखाबाट कर्मचारी झिकाई भु- उपयोग क्षेत्र नक्सा तथा विबरण अध्यावधिक गर्ने निर्णय सर्वसम्मत गरियो ।

७. आ. व. २०८१।०८२ सलको बर्षा समयमा परेको अविरल परेको पानीले खोलानालामा आएको बाढीका कारण विभिन्न वडामा खेतीयोग्य जमिन कटान गरेको र गाउँबस्तीमा समेत बाढी पसेको हुँदा विपद व्यबस्थापनको लागि तत्काल तपशिल बमोजिम जे सी बी प्रयोग गरी बोरा भर्ने तारजाली भर्ने बाँध बाध्ने कार्य गरेको हुँदा उक्त कार्यको भुक्तानी विपद व्यबस्थापन शिर्षकबाट गर्ने निर्णय गरियो ।

तपशिलः

क) वडा नं. ७ ( मिटर ७११२.४- ७१२३.५) – ११.१ घण्टा बाख्रा हटिया द्वारखोला बाँध मर्मत

ख) वडा नं. ८ र १ ( मिटर ७१२३.५- ७१९३.७) – ७०.२ घण्टा

ग) वडा नं. ४ ( मिटर ) – ११.४ घण्टा शनिबारे

घ) वडा नं. ४ ( मिटर ) – १/२ घण्टा मेजर चौतारा

ङ) वडा नं. ७ ( मिटर ७१९६.४- ७२०६.३) – ९.९ घण्टा भुल्के विच टोल बाँध मर्मत

च) वडा नं. ९( मिटर ३५४५-३५६०) – १५ घण्टा भिमामा बाँध मर्मत

छ) वडा नं. १० ( मिटर २९६०-२९७८.५) – १८.५ घण्टा हडिया देवधार जाने बाटा बाँध मर्मत

ज) वडा नं. ९( मिटर २९४४-२९५३ ) – ९ घण्टा विष्णु जगमा बाँध बाधेको

८. चौदण्डीगढी नगरपालिकाको संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण गर्न चौदण्डीगढी नगरपालिका प्रमुख प्रशासकीय अधिकृत ज्यूको संयोजकत्वमा समिति गठन गरेको र उक्त समितिले तयार गरेको चौदण्डीगढी नगरपालिकाको संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण कार्यको प्रारम्भिक छलफल गरी छलफलबाट आएका सुझावहरुलाई समेटी पुनः कार्यपालिका बैठकमा छलफल गरी आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

९. विविध

क) हरीतालिका तिज कार्यक्रममा आर्थिक सहायता सम्बन्धमा ।

**चौदण्डीगढी नगर महिला सञ्जाल** ले नेपाली महिलाहरुको महान पर्व हरितालिका तिज २०८१ विशेष रुपमा मनाउन **तिज विशेष नाच प्रतियोगिता कार्यक्रम** मनाउन आर्थिक सहयोग माग गरेको हुँदा चौदण्डीगढी नगर महिला सञ्जाललाई सवै वडा समेटी तिज विशेष कार्यक्रम मनाउन नगरपालिकाको विनियोजित बजेट शिर्षक **जातिय चाडपर्व धर्मसंस्कृती संरक्षण कार्यक्रम** बाट रु. ८५०००।- आर्थिक सहयोग गर्ने र २०८२ सालमा पर्ने तिज कार्यक्रम चौ. न. पा. १० मा पर्ने हडिया बजारमा गर्ने निर्णय गरियो।

ख) खेल मैदान मर्मत सम्बन्धमा ।

चौ. न. पा. ९ भिमा जुनतारा टोलमा युवाहरुको सक्रियतामा खेल मैदान निर्माण कार्य भईरहेको र स्थानीयहरुबाट रु ५ लाख रकम समेत सहयोग भई खर्च भईसकेको र आर्थिक अभावका कारण खेल मैदान पुर्ण रुपमा तयार नभएकोले प्राविधिक स्टिमेट अनुसार रकम माग गरी चौ. न. पा ९ नं वडा कार्यालयबाट सिफारिस भै आएको साथै चौ. न. पा ८ नं. वडा कार्यलयबाट वडा नं. ८ र वडा नं, १ को सिमानामा पर्ने सालघारीको फुटबल ग्राउण्ड मर्मत तथा फलामे पोलको लागि आवश्यक बजेट व्यबस्थापन गरी दिन यस नगरपालिकामा माग भई आएको हुँदा तपशिल बमोजिमका खेल मैदान निर्माणको लागि नगरपालिकाको विनियोजित शिर्षक **विभिन्न वडामा रहेको खेल मैदान स्तर उन्नती** बाट तपशिल बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| क्र. सं. | खेल मैदान | निर्णय रकम | कैफियत |
|---|---|---|---|
| १ | चौ. न. पा. ९ भिमामा खेल मैदान मर्मत | १,५०,०००।- | |
| २ | चौ. न. पा ८ नं. वडा सालघारी (वडा नं ८ र वडा नं १ को सिमाना) खेल मैदान मर्मत | ६००००।- | |

CamScanner

ग) चौ. न. पा. ३ निवासी भिम कुमारी खतिवडाको माग निबेदन सम्बन्धमा ।

चौ. न. पा. ३ निवासी भिम कुमारी खतिवडाले झोलुङ्गे पुलको मर्मत संभार सम्बन्धी तालिम लिएको र यस चौदण्डीगढी नगरपालिकामा वडा नं ३ मा रहेको झोलुङ्गे पुल मर्मत संभार निरिक्षण गर्दै आएको हुँदा बार्षिक ६०००।– को दरले २०७६ साल देखि हालसम्मको ६ बर्षको पारिश्रमिक रु. ३६०००।- उपलब्ध गराउन माग निवेदन सम्बन्धमा उक्त माग बमोजिमको रकम निजलाई नियमानुसार चौदण्डीगढी नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च** बाट भुक्तानी गर्ने निर्णय गरियो ।

घ) विद्यालय स्वास्थ्य समन्वय समिति गठन सम्बन्धमा ।

स्थानीय तहमा कार्यक्रमलाई प्रभावकारी रुपमा व्यवस्थापन प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको विद्यालय नर्सिङ सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को बुँदा २५ अनुसार निम्न अनुसार विद्यालय स्वास्थ्य समन्वय समिति गठन गर्ने

तपशिलः

श्री धर्मेन्द्र खड्का –संयोजक

श्री राज कुमार ओझा – सदस्य

श्री लक्ष्मी कुमारी चौधरी –सदस्य

श्री रामेश्वर कुँवर – सदस्य

श्री श्रीकान्त चौधरी- सदस्य सचिव

ङ) हरितालिका तिजमा सार्वजनिक विदा सम्बन्धमा ।

मिति २०८१।०५।२१ गते शुक्रवारका दिन परेको हिन्धु दर्मावलम्वी नेपाली नारीहरुको महान चाड हरितालिका (तीज) पर्वको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पुर्ण नेपाली नारीहरु तथा नगरवासीहरुमा सुख, शान्ति,समृद्दी र उत्तरोत्तर प्रगतिको कामना गर्दै परस्पर एकता र आपसी सद्भाव कायम हुन सकोस भन्ने हार्दिक शुभकामना सहित उक्त दिन यस चौदण्डीगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा मातहतका सबै कार्यालय, निकायहरुमा स्थानीय सार्वजनिक विदा दिने निर्णय गरियो ।

CamScanner

च) मौलो पुजा सम्बन्धमा

नेपालीहरुको महान पर्व विजया दशमीको उपलक्ष्यमा वडा नं १ मा रहेको चौदण्डीगढी दरवारमा बिगत देखि परम्परागत रुपमा मनाउदै आएको मौलो पुजा तथा विशाषय कालिका पुजा मनाउनको लागि यस नगरपालिकामां चौदण्डीगढी नगरपालिका १ नं. वडा कार्यालयले रकम उपलब्ध गराउन माग गरेको हुँदा दरवार क्षेत्रमा बिगत देखि नै परम्परागत रुपमा मनाउदै आएको मौलो पुजा तथा विशाषय कालिका पुजा गर्नको लागि नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **जातिय चाडपर्ब धर्मसंस्कृती संरक्षण कार्यक्रम** बाट रु. १५००००।– (एक लाख पचास हजार) रकम उपलब्ध गराउने र उक्त पुजा चौ. न. पा. १ नं वडा कार्यालयले गर्ने गराउने निर्णय गरियो ।

छ) सडक मर्मत तथा व्यबस्थापन सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका अन्तर्गत वडा नं १० र वडा नं ४ मा माग भई आएको तपशिलको सडक मर्मत तथा व्यबस्थापन योजना सञ्चालन गर्न आवश्यक देखिएकोले लागत अनुमान बमोजिम उक्त कार्य यस न. पा. को **मर्मत संभार तथा भैपरी** शिर्षक अन्तर्गत खर्च हुने गरी संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिलः

१. चटपटे टोल, चौधरि टोल, सम्बृद्री टोल तथा आसपास क्षेत्र सडक मर्मत तथा व्यबस्थापन, वडा नं.-४ रकम रु. ४,९९,५६९।९९

२. वडा नं. -१० सडक मर्मत तथा व्यबस्थापन रकम रु. ४,४०,०००।–

३. वडा नं ६ र ७ रातमाटे डाँडा सडक छेउछाउको रुख रंगरोगन रकम रु. ९९,८७१।६२